# सान्नीत्रिवेणी गाउँपालिकाको

# पहिलो पंञ्च बर्षिय रोजगार रणनितिक योजना

# २०८०/०८१ -२०८४/०८५

सान्नीत्रिवेणी गाउँपालिका
मेहलमुडी, कालिकोट
कर्णाली प्रदेश, नेपाल

## बिषयसूची

**खण्ड-१ रणनैतिक सन्दर्भ** (Strategic Context) ........ २

**१.१ पृष्टभुमीः** ........ २

**१.२ रोजगार रणनितिक आवश्यक्ता/औचित्य** ........ २

**१.३ अध्यन पद्धती** ........ ३

१.३.१. रणनितिक योजना तर्जुमा सम्बन्धी सुझाव संकल्न कार्यशाला ........ ४

१.३.२. प्राप्त सुझाव अनुसारको मस्यौदा तयारी ........ ४

१.३.३. रणनिति योजना मस्यौदा उपर छलफल सम्बन्धी कार्यशाला ........ ४

१.३.४. सिफारिस, स्वीकृत तथा अनुमोदन ........ ४

**१.४ क्षेत्र** ........ ४

**१.५ सीमा** ........ ५

**खण्ड-२ वर्तमान अवश्थाको बिश्लेषण** (Current Situation Analysis) ........ ५

**२.१ संक्षिपत परिचय बस्तुस्थिति** ........ ५

**२.२ भौगोलिक अवस्था** ........ ५

**२.३ जनसांख्यिक अवस्था** ........ ५

**खण्ड-३ रणनैतिक बिश्लेषण** (Strategic Analysis) ........ ६

**खण्ड-४ रणनैतिक सवालहरु** (Strategic Issues) ........ ७

**खण्ड-५ दुरदृष्टि ध्येय र उद्धेश्य** (Long-term Vision, Mission and Objectives) ........ ८

**५.१ दुरदृष्टि** ........ ८

**५.२ ध्येय** ........ ८

**५.३ उद्येश्य** ........ ८

**खण्ड-६ रणनैतिक स्तम्भ / प्रमुख रणनीतिहरु** (Major Strategies) ........ ८

**खण्ड-७ पाँच वर्षको रणनैतिक योजना** (Strategic Action Plan) ........ ९

**खण्ड-८ श्रोत परिचालन र बजेट व्यवस्थापन** (Resource Mobilizations and Budget Management) ........ १३

**खण्ड-९ रणनितिक योजनाको निर्देशक समिती,अनुगमन,मुल्यांकन सम्बन्धी व्यवस्था** (Steering Committee, Monitoring and Evaluation) ........ १३

९.१ स्थानिय रोजगार रणनीति योजना कार्यान्वयन निर्देशक समितिः ........ १३

९.२ काम कर्तब्य र अधिकारः ........ १४

**खण्ड-१० सात्रीत्रिवेणी गाउँपालिकाको रोजगार रणनीति नतिजा खाका** ........ १५

**खण्ड-११ जोखीम व्यवस्थापन** (Risk Management) ........ १८

# खण्ड-१ रणनैतिक सन्दर्भ (Strategic Context)

## १.१ पृष्टभुमीः

मुलुकमा ब्याप्त गरिवीको विद्यमानता विकास प्रयासको एक प्रमुख चुनौती बन्दै आएको छ। गरिवीको सघनता विशेषगरी दुर्गम तथा ग्रामिण क्षेत्रमा बढी छ।श्रोत साधनमा दुर्गम तथा ग्रामिण क्षेत्रका विपन्नहरु पहुँच अत्यन्त न्यून रहेको छ ।विकास शहर केन्द्रीत भएकाले दुर्गम तथा पहाडी क्षेत्रमा रहेका मानिसहरुमा बेरोजगारीको अवस्था भयाबह छ ।दिगो आर्थिक बृद्धि र गरिवी न्यूनिकरणको मुख्य आधार नै उत्पादनशिल रोजगारी हो ।सामान्यतया उत्पादनशील रोजगारीले मानिसको आय आर्जन क्षमतालाई बढाउछ जसले गरिवी न्यूनिकरणमा योगदान गरिरहेको हुन्छ ।

वार्षिक करिब ५ लाख भन्दा धेरै ब्याक्ती श्रम बजारमा प्रवेश गरिरहेको हालको अवस्थामा मुलुक भित्र प्रयाप्त रोजगारीको अवस्था सृजना हुन नसक्दा बैदेशिक रोजगारी प्रतीको आकर्षण अझै बढ्दो देखिन्छ ।यसरी मुलुकको युवाशक्ती बाहिरिदा मुलुकलाई दिर्घकालिन रुपमा आत्मनिर्भर र दिगो आर्थिक विकासमा नकरात्मक असर पर्ने देखिन्छ ।
मुलुकको मानविय तथा प्राकृतिक श्रोत साधनलाई अधिकतम उपयोग गर्दै परम्परागत सिप र क्षमतालाई आधुनिक प्रविधि सँग जोड्दै स्थानिय स्तरमा रोजगारीको अवसर प्रदान गर्दा मुलुकको कुल ग्राहस्त उत्पादनमा टेवा पुर्याउने सम्भावना प्रसस्त छ ।जसका लागी नागरिकलाई जिवनउपयोगी सिप तथा श्रोत साधनमा पहुच प्रदान गर्नु पर्दछ।

नेपालको संविधान को मौलिक हक र कर्तव्य अन्तर्गत धारा ३३ मा रहेको रोजगारीको हकलाई कार्यान्वयन गर्न नेपाल सरकारले रोजगारीको हक सम्बन्धी ऐन, २०७५ जारी गरेको छ। ऐनको दफा ८ को उपदफा मा नेपाल सरकार (१), प्रदेश सरकार तथा स्थानीय तहले आवश्यक रोजगार कार्यक्रम सञ्चालन गर्न सक्ने प्रावधान रहेको र उपदफा ले कार्यक्रम सञ्चालन (३) व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था गरेको छ । सम्बन्धी अन्य

रोजगारीको हकलाई कार्यान्वयनका अतिरिक्त मुलुकभित्र पर्याप्त रोजगारीको अवसर सिर्जना गरी उपलव्ध जनशक्तिको महत्तम उपयोग गर्दै आर्थिक विकासमा योगदान पुऱ्याउने गरी सङ्घ, प्रदेश र स्थानीय तहको साझा कार्यक्रमको रुपमा प्रधानमन्त्री रोजगार कार्यक्रमलाई तर्जुमा गरिएको हो ।रोजगारीको हकलाई कार्यान्वयन गर्ने तथा आन्तरिक रोजगारी प्रवर्द्धनका विविध पक्षहरुलाई समेत समावेश गरी नेपाल सरकार मन्त्रिपरिषद्ले मिति २०७५ मा २५/१०/प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ स्वीकृत गरेको छ भने मिति २०७५बाट प्रधानमन्त्री रोजगार कार्यक्रम विधिवत शुभा ०१/११/रम्भ भएको छ ।

## १.२ रोजगार रणनितिक आवश्यक्ताऔचित्य/

नेपालको संविधान २०७२ कार्यान्वयनका सिलशिलामा प्राय सवै तप्काका जनप्रतिनिधिहरुले अबको पाटो जनताको सम्बृद्धिको पाटो पनी जन समक्ष बाचा गरेका छन । कृषि, बन, पशु सेवा, घरेलु जस्ता निकायहरु स्थानिय तहको मातहतमा राखीएको तथा जनताको सम्बृद्धिमा योगदान गर्न जनताकै घरदैलो नजिक ल्याएकोले पनि संबिधानले जनताको सम्बृद्धिलाई विशेष जोड दिएको पाइन्छ ।सम्बृद्धि उत्पादनशिल रोजगारीबाट मात्र प्राप्त हुन सक्छ। उत्पादनशिल रोजगारी एउटा ब्यवस्थित योजना बनाएर मात्र प्राप्त गर्न सकिन्छ फलस्वरुप रोजगार रणनितिक योजनाको निर्माण गर्नुपर्ने आवश्यक्ता देखिएको हो।कुनै पनि ठाउँमा रोजगारीका चुनौति अन्तर सम्बन्धित हुने भएकाले एउटा विस्तृत योजनाको आवश्यकता हुन्छ ।यो रणनितिक योजनाले उपलब्ध रोजगारीका अवसरहरुको पहिचान गर्न तथा त्यस्ता अवसरहरुमा बेरोजगार ब्यक्तीहरुलाई आकर्षित गर्ने काम गर्ने छ ।श्रम बजारको माग बोमोजिम सिप तथा क्षमता विकास गरि आन्तरिक रोजगारीलाई प्रवर्धन गर्ने छ ।

सान्नीत्रिवेणी गाउँपालिकाको रोजगार रणनितिक योजना तर्जुमा प्रकृयामा देहाय अनुसार कानुनी तथा नीतिगत दस्तावेजहरुलाई आधारकोरुपमा लिइएको छ।

- नेपालको संविधान २०७२ को धारा ३४ मा श्रमको हक छ जसको कार्यान्वयनका निमित्त हाल रोजगारीको हक सम्बन्धी ऐन २०७५ जारी भएको छ।
- राष्ट्रिय रोजगार नीति २०७१
- बैदेशिक रोजगार नीति २०६८
- राष्ट्रिय ब्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा नीति २०७६
- श्रम ऐन २०७४
- योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७४
- बैदेशिक रोजगार ऐन २०६८
- बालश्रम निषेध र नियमित गर्ने ऐन २०५६
- ट्रेड युनियन ऐन २०४९
- पन्ध्रौ राष्ट्रिय योजना २०७६-८१
- कर्णाली प्रदेश प्रथम पञ्च वर्षिय योजना २०७६/०७७-०८०/०८१
- सान्नी त्रिवेणी गाउँपालिकको २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम

**रोजगार रणनीतिको औचित्यलाई निम्नअनुसार थप प्रष्ट पार्न सकिन्छ।**

- रोजगारीका सम्भावित क्षेत्रहरुको पहिचान गरि उपलब्ध श्रोत साधनको समउचित प्रयोग गर्न एउटा बिस्तृत योजनाको आवश्यक्ता हुन्छ।
- गरिबी घटाउन परम्परागत सिप तथा क्षमता लाई आधुनिक प्रविधि सँग जोड्दै जमिन,जल,जंगल,जडिबुटी र जनशक्तिलाई व्यवसायिक्ताको माध्यामबाट रोजगारी सृजना गर्नका लागी एउटा विस्तृत योजनाको आवश्यकता हुन्छ।
- छरिएर रहेका श्रोत साधनलाई अभिलेख बनाई राख्न व्यबस्थित रुपमा स्थलगत रणनितिक योजाना बनाउन आवश्यक हुन्छ।
- स्थानिय श्रोत साधनको उत्पादन,प्रशोधन,भण्डारण तथा बजारिकरणका माध्यामबाट रोजगारी सृजना गर्न योजनाको आवश्यकता हुन्छ।
- रोजगारीका क्षेत्रमा प्राप्तहुने विभिन्न श्रोत साधनलाई एकद्धार प्रणाली द्धारा लागु गर्न योजनाको आवश्यक हुन्छ।
- आन्तरिक तथा बैदेशिक रोजगारी सम्बन्धि सेवा सुबिधाहरु र परामर्श दिन रोजगार रणनितिको आवश्यकता हुन्छ।

## १.३ अध्यन पद्धती

संविधान र प्रचालित ऐनको अधिनमा रही यस सान्नी त्रिवेणी गाउँपालिकाको नेतृत्व र प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशक समितिको मार्गदर्शनमा सहभागीतामुलक पद्धतीबाट रोजगार रणनितिक योजना तर्जुमा प्रारम्भ गरी निम्न बिधि तथा प्रकृयाहरु अवलम्बन गरिएको छ।

### १.३.१. रणनितिक योजना तर्जुमा सम्बन्धी सुझाव संकल्न कार्यशाला

रोजगार रणनितिक योजना तर्जुमाको क्रममा सुरुमा गाउँपालिकामा रणनितिक योजना बन्न लागेको र यसको प्रकृया तथा बिधिहरु जानकारीका लागी रणनितिक योजना तर्जुमा सम्बन्धी सुझाव संकलन कार्यशाला संचालन गरियो। कार्यशालामा गाउँ कार्यपालिकाका सदस्यहरु, रोजगारीसँग सम्बनधित साखा प्रमुखहरु, स्थानिय रोजगारदाताहरु तथा अन्य सरोकारवालाहरुको सहभागीता रहेको थियो।रणनितिक योजना तर्जुमा सम्बन्धी सुझाव संकलन कार्यशालाबाट कसरी स्थानिय तहको रोजगारी स्वरोगारी सहित अभिबृद्धि गर्ने भन्ने प्रयोजनका लागी सरोकारवालासँग अनुसुची २ र ३ अनुसारको प्रश्नावली तयार गरी आवश्यक सुचना संकलन गरिएको थियो।

### १.३.२. प्राप्त सुझाव अनुसारको मस्यौदा तयारी

रणनितिक योजना तर्जुमा सम्बन्धी सुझाव संकलन कार्यशाला तथा रोजगारदातासँगको सर्वेक्षण फारमबाट सकलन गरि आएका सुचना तथा सुझावलाई लिपिबद्ध गरी मस्यौदा तयार गरियो।कार्यशालामा छलफल गरि सहमति गरियको लक्ष्य उद्धेश्य रणनितिहरु र सुचक तथा बजेटका आधारमा रोजगार रणनितिक योजनाको मस्यौदा तयार गरियो। साथै राष्ट्रिय जनगणना २०७८ का तथ्याङ्कहरु लगायत रोजगारी सँग सम्बन्धित विभिन्न दस्तावेजहरु बाट प्राप्त सुचनालाई मस्यौदामा समावेश गरियो।

### १.३.३. रणनिति योजना मस्यौदा उपर छलफल सम्बन्धी कार्यशाला

गाउँ कार्यपालिकाका सदस्यहरु रोजगारीसँग सम्बनधित साखा प्रमुखहरु स्थानिय रोजगारदाताहरु तथा अन्य सरोकारवालाहरुको सहभागीतामा कार्यशाला सम्पन्न गरियो।गोष्टिमा मुख्य रुपमा रणनितिक योजनाको मस्यौदा उपर दफावार छलफल गरियो। जसमा गाउँपालीकाका सम्भावना तथा अवशर समस्यमा तथा चुनौतिको बिश्लेषण गरियो। कार्यशालामा मस्यौदाको बिश्लेसण गरि रणनितिक योजनाको दिर्घकालिन सोच,लक्ष्ये,उद्धेश्य,निति तथा प्रमुख रणनितिहरु बारेका छलफल गरियो साथै सम्भावित जोखिम र जोखिम कम गर्ने उपाय समेतको बिश्लेषण गरियको थियो। यसैगरी योजनाकालागी आवश्यक श्रोत कार्यान्वयन योजना र अनुगमन तथा मुल्यांकन संरचना निर्धारण गरियको थियो।

### १.३.४. सिफारिस, स्वीकृत तथा अनुमोदन

रणनीतिक योजना मस्यौदा उपर छलफल पश्चात प्रधानमन्त्री रोजगार स्थानिय निर्देशक समितीबाट कार्यपालिका समक्ष रणनीतिक योजना स्वीकृतीका लागी सिफारिस गरीएको थियो। गाउँ कार्यपालिकाबाट स्वीकृत भएको रणनीतिक योजना गाउँसभा बाट अनुमोदन भएको थियो।

## १.४ क्षेत्र

यस सान्नी त्रिवेणी गाउँपलिकालाई विकास र सम्बृद्धीको मार्गमा अगाडी बढाउन अल्पकालिन रोजगारीको अवसरलाई निरन्तरता दिदै दिर्घकालिन तथा उत्पादनशिल रोजगारलाई प्रवद्धन गर्न निर्माण गरिएको सान्नी त्रिवेणी गाउँपालिकाको रोजगार रणनीतिको क्षेत्र यस पालिकाका ९ वटै वडा तथा श्रम बजारको आवश्यकताका आधारमा मुलुक भित्र र बाहीर समेत मानव श्रोत परिचालनको क्षेत्र रहेको छ।

### १.५ सीमा

- योजना तर्जुमा आफैमा जटिल कार्य हो।यसका लागी सम्बन्धित स्थानिय तहको अध्यावधिक प्रोफाइल आवश्यक पर्छ तर अद्यावधिक भै नसक्दा कार्यशालाका सहभागीहरुबाट पाएको सुचना र अन्य दितृय सुचनालाई आधार मानेर सुचनाहरु समावेस गरिएको छ ।
- पालिकामा प्रयाप्त सुचनाको कमिले गर्दा रणनितिक योजनाको पुर्ण चित्र प्रस्तुत हुनमा केही कमि हुने जस्तो देखिन्छ ।
- पालिकामा अन्य क्षेत्रको तथ्याङ्क प्राप्त हुने भए पनि रोजगारीको क्षेत्रमा खासै अध्यायन अनुसन्धान नभएकाले वास्तविक रोजगारीको अवस्था प्राप्त गर्न नसकिएको ।

## खण्ड-२ वर्तमान अवश्थाको बिश्लेषण (Current Situation Analysis)

### २ १.संक्षिपत परिचय बस्तुस्थिति

कर्णाली प्रदेश, कालिकोट जिल्लाका ९ वटा स्थानिय तहहरु मध्य सान्नी त्रिवेणी गाउँपालिका एक हो । यसको स्थापना मिति २०७४ असोज १ गते नेपाल सरकार मन्त्रिपरिषदको निर्णयबाट भएको हो ।सान्नी त्रिवेणी गाँउपालिकामा कुल ९ वटा रहेका छन।१३,६७१ बर्ग किमि को क्षेत्रफलमा फैलिएको सान्नी त्रिवेणी गाउँपालिकाको भु आकृतिक स्वरुप करिब हिमाली भागमा रहेको छ ।यसको पुर्वी सिमामा रास्कोट नगरपालिका रहेको छ भने पश्चिममा नरहरीनाथ गाउँपालिकाको रुप्सा रहेको छ । उत्तरमा बाजुराको त्रिवेणी गाउँपालिका रहेको छ भने लक्षिणमा खाडाचक्र नगरपालिका रहेको छ ।विभिन्न जात जाती तथा समुदायका मानिसहरुको बसोबास रहेको यस गाउँपालिकामा दशै,तिहार,होली,मागे संक्रान्ती,कृष्ण जन्माअष्टमि,बुद्ध जयन्ती,हरितालिका तिज,शिवरात्री आदीलाई प्रमुख चाड पर्वका रुपमा मनाउने गरिन्छ ।

### २भौगोलिक अवस्था २.

यस गाउँपालिकामा अधिकतम तापक्रम ३५डिग्री र न्युनतम तापक्रम ८ डिग्री रहेको पाईन्छ ।यो समुद्री सतह देखीको उचाई ७६८ मिटर देखी ४३६० मिटर सम्मको उचाईमा रहेको छ ।यो गाउँपालिका २९ डिग्री ९ मिनेट ३० सेकेन्ड उत्तर देखी २९ डिग्री २२ मिनेट १४ सेकेन्ड उत्तरी अक्षांश तथा ८१ डिग्री ३१ मिनेट ३२ सेकेन्ड पुर्व देखी ८१ डिग्री ३८ मिनेट ४५ सेकेन्ड पुर्वी देशान्तर सम्म फैलिएको छ ।कुल क्षेत्रफलः १३६.७१ वर्ग किमि रहेको छ ।

### २जनसांख्यिक अवस्था ३.

राष्ट्रिय जनगणना २०७८ अनुसार यस पालिकामा कुल जनसंख्या १३,४९१ जस मध्य महिला ६,९०३ पुरुष ६,५८८ घरधुरी संख्या २,४२२ रहेको छ । कुल जनसंख्या मध्य १०३ प्रतिशत १,३९० जना रोजगारीको सिलशिलामा भारत लगाएत अन्य मुलुकमा रहेका छन ।गाउँमा बलिया र जागरिला युवाहरुको कमीले परम्परागत सिप तथा पेशाहरु लोप हुदै गएको देखिन्छ।अधिकांस खेती योग्य जग्गा जमिन बाझो हुदै गएको छ जसले उत्पादनमा प्रत्येक्ष असर पर्ने देखिन्छ तसर्थ स्थानिय स्तरमा रोजगारीको सृजना भएमा यसलाई कम गर्न सकिन्छ ।यस पालिकाका कुल २,४२२ घरधुरी मध्य जम्मा ७०५ परिवारलाई आफ्नै उत्पादनले वर्षभरि खान पुग्छ भने बाँकी १,७१७ परिवार आधारभुत खाद्य असुरक्षाको स्थितिमा रहेका छन ।तसर्थ यस रणनितिक योजनाले ब्यवसायिक्ता र उत्पादन बृद्धि गरी स्वरोजगारी तर्फ उन्मुख हुने लक्ष्य लिएमा महत्वपुर्ण उपलब्धी मानिने छ ।

## जनसंख्या र रोजगारीको अवस्था

| | |
|---|---|
| **जम्मा जनसंख्या** | १३,४९१ |
| श्रम योग्य जनसंख्या १८ देखी ५९ वर्ष | ८,०९१ |
| **पुर्ण रोजगार जनसंख्या** | |
| सरकारी क्षेत्र | ३४६ |
| गैर सरकारी क्षेत्र | ८१ |
| निजी क्षेत्र | ७१ |
| बैदेशिक रोजगारी | १,३८९ |
| स्वरोजगार | ३९७ |
| **अर्ध रोजगार जनसंख्या** | |
| सरकारी क्षेत्र | ३८६ |
| गैर सरकारी क्षेत्र | ४३ |
| निजी क्षेत्र | २५४ |
| स्वरोजगार | २७७ |
| जेष्ठ नागरिक | १,२६१ |
| ५ वर्ष मुनीका बालवालिका | १,९७२ |
| पुर्ण बेरोजगार जनसंख्या | ७,०१४ |

## खण्ड-३ रणनैतिक बिश्लेषण (Strategic Analysis)

नेपाली जनता देशको विकास र सम्बृद्धिका लागी राजनितिक ब्यवस्था परिवर्तन गर्न निरन्तर संघर्ष गरिरहेका छन तर हरेक राजनितिक परिवर्तन पछी पनि स्थानिय तह देखी केन्द्र सम्म निर्माण हुने सरकारले देशमा बेरोजगारी लगाएत सामाजिक समस्याको समाधान गर्न सकेको छैन।देशमा रोजगारीको अवसर नहुदा सबै खाले जनशक्ती र त्यसमा पनि उत्पादनमुलक जनशक्ती युवा समुह दिन प्रतिदिन विदेश जाने क्रम बढीरहेको छ।रोजगारी बिना आम्दानी सम्भव छैन र आम्दानी बिना गरिबी न्यूनिकरण र गुणस्तरिय जिवन असम्भव छ।यस अर्थमा बेरोजगारी सबैभन्दा ठुलो सामाजिक समस्या हो।रोजगारी सृजनाका लागी आवश्यक कानुनी तथा नीतिगत ब्यवस्था भए पनी स्थानिय स्तरमा ब्यवहारिक कार्यान्वयन हुन सकेको छैन।

वर्तामान सन्धर्भमा रोजगारीका अवसर सृजना र विकासका सवालमा स्थानिय सरकारको भुमिका महत्वपुर्ण रहेको छ। स्थानिय तहको भुमिकालाइ रोजगारीका अवसर सृजनामा केन्द्रित गर्न सके मात्र बेरोजगारी समस्या समाधान हुन्छ।प्राकृतिक र मानविय श्रोत साधनको उपलब्धता स्थानिय स्तरमा हुन्छ। त्यसको पहिचान र परिचालन गरी रोजगारिका अवसर सृजना गर्न सकिन्छ।यस कारण स्थानिय स्तरमा रोजगारी सृजना का लागी  सम्भावित उपायहरु निम्न छन।

- स्थानिय स्तरमा रहेका भौतिक तथा मानविय श्रोत साधनको पहिचान
- उपलब्ध श्रोत साधनको प्रभावकारी परिचालन
- घरेलु तथा साना उद्योगको स्थापना तथा उद्यमशिलताको विकास
- लगानीलाई उत्पादनमुलक रोजगारीमा लगाउने
- सरकारी ,गैरसरकारी तथा निजि क्षेत्रका रोजगारीका अवसरलाई ब्यवस्थित गर्ने
- पर्यटन ब्यवसायलाई प्रवद्धन गर्न होटल ब्यवसाय तथा अन्य क्षेत्रमा लगानी गर्ने
- स्थानिय उत्पादनलाई बजारीकरणका लागी संरचना निर्माण

## खण्ड-४ रणनैतिक सवालहरु (Strategic Issues)

काम गर्ने क्षमता र सामार्थ्य साथै इच्छा भएको सक्रिय जनशक्तिले काम नपाएको अवस्था नै बेरोजगारी हो।यो रोजगार विहिन अवस्था हो।काम नपाउँदा हुने मानसिक,आर्थिक तथा अन्य तवरबाट गुज्रिनुपरेको अवस्था तथा योग्यताअनुसारको काम पाउन सकिएन भन्ने अनुभुति बेरोजगारी हो । बेरोजगारी गरिबीको दुष्चक्र हो।

**सवालहरु:-**

- श्रम बजारको माग अनुसार सिपयुक्त र दक्ष जनशक्ती स्थानिय स्तरमा नहुनु ।
- स्थानिय श्रोत साधनलाई समुचित उपयोग गर्दै रोजगारी सृजना गर्न स्थानिय तहको कुनै ठोस योजना नहुनु,
- स्थानिय तहको बजेट तथा कार्यक्रमहरु उत्पादनमुलक रोजगारीका लागी बिनियोजन नहुनु ।
- श्रमको सम्मान नहुनु तथा धेरैको उच्चकोटिको भनिने जागिर खाने इच्चा हुनु ।
- बेरोजगार ब्यक्तीहरुमा उत्पादनमुलक क्षेत्रमा भन्दा सेवामुलक क्षेत्रमा काम गर्ने इच्छा हुनु ।
- विप्रेषण उत्पादनमुलक क्षेत्रमा लगानी नहुनु ।
- रोजगारी सृजना हुन सक्ने क्षेत्रहरुको बारेमा अध्यायन अनुसन्धान नहुनु ।
- परमपराग पेशाहरुलाई आधुनिकता सँग जोड्दै विकास गर्दै लैजानु सट्टा त्याग्दै जानु ।

# खण्ड-५ दुरदृष्टि ध्येय र उद्धेश्य (Long-term Vision, Mission and Objectives)

## ५.१ दुरदृष्टि

"उत्पादनशिल युवा स्वरोजगार, समृद्ध गाउँपालीका हाम्रो सरोकार"

## ५.२ ध्येय

यस सान्नी त्रिवेणी गाउँपालिकामा उपलब्ध श्रम शक्तीलाई प्रतिस्पर्धि बनाउदै सक्षम श्रम बजारको माध्यमद्धारा उप्पादनशिल मर्यादित एवं सुरक्षीत रोजगारीमा संलग्न गराई पालिकाको अर्थतन्त्रलाई सबल र गतिशिल बनाई गरिवी निवारणमा योगदान पुर्याउनु रोजगार रणनितिको ध्येय हुनेछ।

## ५.३ उद्येश्य

रोजगार रणनितिका प्रमुख उद्येश्यहरु निम्नाअनुसार छन्।

- रोजगार सम्बन्धि निती निर्माण तथा अध्ययन अनुसन्धान गर्ने।
- सार्वजनिक पूर्वाधारहरुको निर्माण, स्तरोन्तती र विस्तारमा योगदान गर्ने।
- श्रमको सम्मान राष्ट्रको अभियान स्थानिय स्तरमा संचालन गर्ने।
- श्रम बजारको माग अनुसार सिपयुक्त र दक्ष जनशक्ती उत्पादन गर्ने।
- बैदेशिक रोजगारी सम्बन्धी कार्यहरु गर्ने।

# खण्ड-६ रणनैतिक स्तम्भ / प्रमुख रणनीतिहरु (Major Strategies)

उपरोक्त उद्धेश्यहरु हाँसिल गर्नकालागी निम्न रणनितिहरु अवलम्बन गरिने छ।

- रोजगार सम्बन्धी निती निर्माण तथा अध्ययन अनुसन्धान गर्न परामर्शदाता तथा अन्य सरोकारवालासँग सहकार्य गर्ने।
- सार्वजनिक पूर्वाधारहरुको निर्माण, स्तरोन्तती र विस्तारमा योगदान गर्न संघ,प्रदेश,स्थानिय तह र सरोकारवाला निकाय संग समन्वय गर्ने।
- श्रम र श्रमिक प्रतिको नकरात्मक धारणा परिवर्तन गरी सम्मान र मर्यादा कायम गर्न जनप्रनिधि तथा कर्मचारीहरुले महिनाको एक दिन श्रम गर्ने।
- श्रम बजारको माग अनुसार सिपयुक्त र दक्ष जनशक्ती उत्पादन गर्न सिप प्रदायक निकायहरु सँग समन्वय र सहकार्य गर्ने।
- वैदेशिक रोजगार सम्बन्धी सरोकार राख्ने सरोकारवाला निकाय सँग समन्वय र सहकार्य गर्ने।

## खण्ड-७ पाँच वर्षको रणनैतिक योजना (Strategic Action Plan)

### *सान्नीत्रिवेणी गाउँपालिकाको रोजगार रणनीति कार्यान्वयन कार्ययोजना*

| क्र.स. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय साखा | सहयोगी निकाय साखा | समयावधि | कार्यसम्पादन सुचक | बजेट | जोखिम |
|---|---|---|---|---|---|---|---|
| **कार्यनीति १ रोजगार सम्बन्धी निती निर्माण तथा अध्ययन अनुसन्धान गर्ने** | | | | | | | |
| १.१ | रोजगार रणनीती तयार गर्ने तथा अध्यावधिक गर्ने | गाउँपालिका, रोजगार सेवा केन्द्र | गाउँपलिका अन्तर्गतका साखाहरु, गैसस, सहकारी तथा निजी क्षेत्र | १ वर्ष | तथ्यांक संकलन भएको हुने | ३,००,०००। | |
| १.२ | रोजगार प्रोफाइल निर्माण | गाउँपालिका, रोजगार सेवा केन्द्र | गाउँपलिका अन्तर्गतका साखाहरु, गैसस, सहकारी तथा निजी क्षेत्र | ५ वर्ष | तथ्यांक अध्यावधिक भएको हुने | २,००,०००। | |
| १.३ | रोजगारी सृजना हुन सक्ने क्षेत्रहरुको बारेमा पहिचान, अध्ययन तथा अनुसन्धान गर्ने | गाउँपालिका, रोजगार सेवा केन्द्र | गाउँपलिका अन्तर्गतका साखाहरु | ५ वर्ष | रोजगार रणनीति तथा रोजगार पार्श्वचित्र तयार भई प्रकाशन भएको हुने। | ५,००,०००। | |
| **कार्यनीति २ सार्वजनिक पूर्वाधारहरुको निर्माण, स्तरोन्तती र विस्तारमा योगदान गर्ने।** | | | | | | | |
| २.१ | राष्ट्रिय रोजगार कार्यक्रम रोजगारी सृजना शिर्षकलाई प्रभाकारीरुपमा कार्यान्वयन गर्ने | गाउँपालिका, रोजगार सेवा केन्द्र | गाउँपलिका अन्तर्गतका साखाहरु, उपभोक्ता समिती तथा जन समुदाय | ५ वर्ष | सार्वजनिक पूर्वाधारहरु निर्माण, स्तरोन्तती र विस्तार भएको हुने | ५,००,००,०००। | |
| २.२ | मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजनाहरुलाई परिणाममुखी बनाउने | गाउँपालिका, रोजगार सेवा केन्द्र, मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय कर्णाली प्रदेश | गाउँपलिका अन्तर्गतका साखाहरु, उपभोक्ता समिती तथा जन समुदाय | ५ वर्ष | सार्वजनिक पूर्वाधारहरु निर्माण, स्तरोन्तती र विस्तार भएको हुने | ६,८४,००,०००। | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.३ | गाउँपालिकाको आन्तरिक श्रोतलाई परिचालन गरी सार्वजनिक पर्वाधारहरुको निर्माण स्तरउन्नती र विस्तार गर्ने | गाउँपालिका, रोजगार सेवा केन्द्र | गाउँपलिका अन्तर्गतका साखाहरु, उपभोक्ता समिती तथा जन समुदाय | ५ वर्ष | सार्वजनिक पूर्वाधारहरु निर्माण, स्तरोन्तती र विस्तार भएको हुने | ५०,००,०००। | |
| **कार्यनीति ३ श्रमको सम्मान राष्ट्रको अभियान संचालन** | | | | | | | |
| ३.१ | श्रब्य दृष्य संचारका माध्यमहरु बाट श्रमको सम्मान हुने समाग्रीहरु प्रकाशन तथा प्रशारण गर्ने | गाउँपालिका, रोजगार सेवा केन्द्र | गाउँपलिका अन्तर्गतका साखाहरु, गैसस, सहकारी, निजी क्षेत्रतथा संचार माध्यमहरु | ५ वर्ष | श्रम गर्ने तथा श्रमिकलाई हेर्ने दृष्टिकोणमा सकारात्मक परिवर्तन भएको | ५,००,०००। | |
| ३.२ | श्रमको सम्मान राष्ट्रको अभियान अन्तर्गत अभिमुखिकरण कार्यक्रम संचालन गर्ने | गाउँपालिका, रोजगार सेवा केन्द्र | गाउँपलिका अन्तर्गतका साखाहरु, गैसस, सहकारी, निजी क्षेत्रतथा संचार माध्यमहरु | ५ वर्ष | श्रमगर्ने तथा श्रमिकलाई हेर्ने दृष्टिकोणमा सकारात्मक परिवर्तन भएको | १०,००,०००। | |
| ३.३ | श्रमको सम्मान राष्ट्रको अभियान अन्तर्गत जनचेतनामुलक कार्यक्रम (र्‍याली,सडक,नाटक,देउडा गित ) आदी संचालन गर्ने | गाउँपालिका, रोजगार सेवा केन्द्र | गाउँपलिका अन्तर्गतका साखाहरु, गैसस, सहकारी, निजी क्षेत्रतथा संचार माध्यमहरु | ५ वर्ष | श्रमगर्ने तथा श्रमिकलाई हेर्ने दृष्टिकोणमा सकारात्मक परिवर्तन भएको | १०,००,०००। | |
| **कार्यनीति ४ श्रम बजारको माग अनुसार सिपयुक्त र दक्ष जनशक्ती उत्पादन गर्ने।** | | | | | | | |
| ४.१ | सिप मुलक तालिम ( सिलाई बुनाई, सिकर्मि, फर्निचर, हाउस वाईरिङ, प्लम्बिङ, व्युटिपालर्स ईत्यादी ) | गाउँपालिका, रोजगार सेवा केन्द्र | गाउँपलिका अन्तर्गतका साखाहरु, गैसस, सहकारी, निजी क्षेत्र,CTEVT | ५ वर्ष | बेरोजगार ब्यक्तीहरुको सिप र क्षमतामा विकास भई रोजगारी प्राप्त गरेका हुनेछन | ९०,००,००। | |
| ४.२ | अध्ययन भ्रमण तथा व्यबसायिक योजना निर्माण तालीम संचालन | गाउँपालिका, रोजगार सेवा केन्द्र | गाउँपलिका अन्तर्गतका साखाहरु, गैसस, सहकारी, निजी क्षेत्र,CTEVT | ५ वर्ष | ब्यवसायिक योजना निर्माण तालिम प्राप्त गरी ब्यवसाय आवद्ध भएका हुने छन | ३०,००,००। | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४.३ | कृषि व्यवसाय तथा पशु पालन तालीम संचालन तथा प्रविधि हस्तान्तरण | गाउँपालिका, रोजगार सेवा केन्द्र कृषि तथा पशु सेवा साखा | गाउँपलिका अन्तर्गतका साखाहरु, गैसस, सहकारी, निजी क्षेत्र,CTEVT | ५ वर्ष | कृषि व्यवसाय तथा पशु पालन ब्यवसायमा आवद्ध भई उत्पादनमा बृद्धी भएको हुनेछ | ५०,००,००। | |
| ४.४ | बाँझो जमिनको चक्ला बन्दी गरी ओखर खेती प्रविधि बिस्तार गर्ने। | गाउँपालिका, रोजगार सेवा केन्द्र कृषि तथा पशु सेवा साखा | गाउँपलिका अन्तर्गतका साखाहरु, गैसस, सहकारी, निजी क्षेत्र | ३ बर्ष | कृषि व्यवसाय तथा पशु पालन ब्यवसायमा आवद्ध भई उत्पादनमा बृद्धी भएको हुनेछ | ५०,००,००। | |
| ४.५ | एक वडा एक कृषि उत्पादन | गाउँपालिका, वडा रोजगार सेवा केन्द्र कृषि तथा पशु सेवा साखा | गाउँपलिका अन्तर्गतका साखाहरु, गैसस, सहकारी, निजी क्षेत्र | ३ बर्ष | कृषि व्यवसाय तथा पशु पालन ब्यवसायमा आवद्ध भई उत्पादनमा बृद्धी भएको हुनेछ | ३०,००,०००। | |
| ४.६ | घरेलु तथा साना उद्योग संचालन | गाउँपालिका, उद्योग शाखा रोजगार सेवा केन्द्र | गाउँपलिका अन्तर्गतका साखाहरु, गैसस, सहकारी, निजी क्षेत्र | ३ बर्ष | वबेरोजगार युवाहरु उद्यमि भई स्वरोजगार हुने छन्। | ५०,००,०००। | |
| ४.७ | कृषि जन्य वस्तुको प्रशोधन उद्योग संचालन | गाउँपालिका, उद्योग शाखा रोजगार सेवा केन्द्र | गाउँपलिका अन्तर्गतका साखाहरु, गैसस, सहकारी, निजी क्षेत्र | ३ बर्ष | कृषि व्यवसाय तथा पशु पालन ब्यवसायमा आवद्ध भई उत्पादनमा बृद्धी भएको हुनेछ | ५०,००,०००। | |
| ४.८ | कृषिन्य बस्तुको मुल्य श्रृङखला अभिवृद्धी कार्यक्रम संचालन | गाउँपालिका, उद्योग शाखा रोजगार सेवा केन्द्र | गाउँपलिका अन्तर्गतका साखाहरु, गैसस, सहकारी, निजी क्षेत्र | ३ बर्ष | कृषि व्यवसाय तथा पशु पालन ब्यवसायमा आवद्ध भई उत्पादनमा बृद्धी भएको हुनेछ | २०,००,००। | |
| ४.९ | व्यावसायिक योजना निर्माण तालीम संचालन | गाउँपालिका, रोजगार सेवा केन्द्र कृषि विकास साखा | गाउँपलिका अन्तर्गतका साखाहरु, गैसस, सहकारी, निजी क्षेत्र | ३ बर्ष | कृषि व्यवसाय तथा पशु पालन ब्यवसायमा आवद्ध | २०,००,००। | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | भई उत्पादनमा बृद्धी भएको हुनेछ | | |
| ४.१ ० | श्रम शक्ति र श्रम बजार विच समन्वय र सहकार्य | गाउँपालिका, रोजगार सेवा केन्द्र | गाउँपलिका अन्तर्गतका साखाहरु, गैसस, सहकारी, निजी क्षेत्र | ५ वर्ष | रोजगार सेवा केन्द्रमा श्रम बजारको माग र श्रमिकहरुको तथ्याङ्क संकलन भएको हुनेछ | २,५०,०००। | |
| **कार्यनीति ५ बैदेशिक रोजगारी सम्बन्धी कार्यहरु गर्ने।** | | | | | | | |
| ५१. | बैदेशिक रोजगारीमा जान चाहने श्रमिकहरुको ब्यक्तिगत श्रम स्वीकृती तथा पुन श्रम स्वीकृतीका लागी सहजीकरण गर्ने | गाउँपालिका, रोजगार सेवा केन्द्र | गाउँपलिका अन्तर्गतका साखाहरु, गैसस, सहकारी, निजी क्षेत्र | ५ वर्ष | वैदेशिक रोजगारीमा जान चाहने श्रमिकहरुले स्थानिय स्तर बाट सेवा प्राप्त भएको हुने | १,००,०००। | |
| ५२. | विदेशबाट फर्किएका श्रमिकहरुलाई पुन एकिकरण तथा पुन स्थापना सम्बन्धी कार्य गर्ने | गाउँपालिका, रोजगार सेवा केन्द्र | गाउँपलिका अन्तर्गतका साखाहरु, गैसस, सहकारी, निजी क्षेत्र | ५ वर्ष | वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकहरुको परिवारिक पनरमिलन भई स्वदेशमा रोजगारी प्राप्त हुने | ५०,००,०००। | |
| ५३. | बैदेशिक रोजगारीमा जान चाहने श्रमिकहरुलाई थप परामर्श सेवा दिने | गाउँपालिका, रोजगार सेवा केन्द्र | गाउँपलिका अन्तर्गतका साखाहरु, गैसस, सहकारी, निजी क्षेत्र | ५ वर्ष | वैदेशिक रोजगारीमा जान चाहने श्रमिकहरु सम्बन्धित देश र कामको पुर्व जानकार हुने | २५,००,०००। | |

## खण्ड-८ श्रोत परिचालन र बजेट व्यवस्थापन (Resource Mobilizations and Budget Management)

सान्नी त्रिवेणी गाउँपालिकाको स्थानिय रोजगार रणनीतिलाई प्रभावकारीरुपमा कार्यान्वयनका लागी श्रोत परिचालन र बजेट ब्यवसथापन गर्न संघ,प्रदेश,स्थानिय तह,गैसस,सहकारी लगाएत निजि क्षेत्र सँग सहकार्य गरि देहाय बमोजिम श्रोत परिचालन तथा बजेट ब्यवस्थापन हुने अनुमान गरिएको छ।

| | |
|---|---|
| कुल अनुमानित लागत(रु. हजार) मा | १४६०००।- |
| | स्थानिय तह: १००००।- |
| | प्रदेश सरकार: ६८४००।- |
| | संघिय सरकार: ६००००।- |
| | विकास साझेदार: ३६००।- |
| | निजि क्षेत्र: ४०००।- |

## खण्ड-९ रणनितिक योजनाको निर्देशक समिती,अनुगमन,मुल्यांकन सम्बन्धी व्यवस्था (Steering Committee, Monitoring and Evaluation)

### ९स्थानिय रोजगार रणनीति योजना कार्यान्वयन निर्देशक समिति १.:

गाउँपालिकाको स्थानिय रोजगार रणनीति कार्यान्वयन गर्न,गराउन रोजगारीको हक सम्बन्धी नियमावली, २०७५को नियम १५ बमोजिम स्थानिय निर्देशक समितीलाई रणनीति कार्यान्वयन निर्देशक समितिको समेत कार्य गर्ने गरी देहाय बमोजिम निर्देशक समिति रहनेछ।

क) गाउँकार्यपालिका अध्यक्ष -अध्यक्ष
ख) गाउँकार्यपालिका उपाध्यक्ष -सदस्य
ग) गाउँकार्यपालिका अध्यक्षले तोकेका वडा अध्यक्ष दुई जना -सदस्य
घ) गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत -सदस्य
ङ) रोजगार संयोजक -सदस्य सचिव

निर्देशक समितिमा गाउँपालिकामा रहेका रोजगारदाता, सिप विकास प्रतिष्ठान लगाएत अध्ययन अनुसन्धान गर्ने निकाय वा निर्देशक समितिले सम्बन्धित विषयको विज्ञलाई सदस्य रुपमा नियुक्त गर्न सक्नेछ।

## ९.२ काम कर्तब्य र अधिकार:

स्थानिय रोजगार रणनीति योजना कार्यान्वयन निर्देशक समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम रहने छन।

- समितिले आफ्नो कार्यविधि आफै तय गर्ने गरी चौमासिक रुपमा बैठक बस्ने छ।
- रणनिति कार्यान्वयनको जिम्मेवारी गाउँपालिकाको रोजगार सेवा केन्द्रको हुनेछ।
- स्थानीय तह भित्रको श्रम बजारको माग र विद्यमान जनशक्तिको उपलब्धताको बिश्लेषण गर्ने।
- बेरोजगार व्यक्तिकालागी रोजगार वा स्वरोजगारको व्यवस्था गर्न आवश्यक निति गाउँ कार्यपालीका समक्ष सिफारीस गर्ने।
- स्थानिय तह भित्रको वेरोजगार व्यक्तिको अद्यावधिक अभिलेख तयार गर्न रोजगार सेवा केन्द्रलाई मार्गदर्शन गर्ने।
- स्थानीय तह भित्र संचालित रोजगार कार्यक्रम तथा बेरोजगार सहायता कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन गर्ने।

## खण्ड-१० सान्नीत्रिवेणी गाउँपालिकाको रोजगार रणनीति नतिजा खाका

| क्र.स. | नतिजा सुचक | इकाई | आधार तथ्याङ्क | लक्ष्य आ व अनुसार | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ |
| **कार्यनीति १ रोजगार सम्बन्धी निती निर्माण तथा अध्ययन अनुसन्धान गर्ने** | | | | | | | | |
| १.१ | रोजगार रणनीती तयार गर्ने तथा अध्यावधिक गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ |
| १.२ | रोजगार प्रोफाइल निर्माण | पटक | १ | १ | ० | ० | ० | ० |
| १.३ | रोजगारी सृजना हुन सक्ने क्षेत्रहरुको बारेमा पहिचान, अध्ययन तथा अनुसन्धान गर्ने | पटक | १ | ० | १ | ० | ० | ० |
| **कार्यनीति २ सार्वजनिक पूर्वाधारहरुको निर्माण, स्तरोन्तती र विस्तारमा योगदान गर्ने ।** | | | | | | | | |
| २.१ | राष्ट्रिय रोजगार कार्यक्रम रोजगारी सृजना शिर्षकलाई प्रभाकारीरुपमा कार्यान्वयन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ |
| २.२ | मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजनाहरुलाई परिणाममुखी बनाउने | | ५ | १ | १ | १ | १ | १ |
| २.३ | गाउँपालिकाको आन्तरिक श्रोतलाई परिचालन गरी सार्वजनिक पुर्वाधारहरुको निर्माण स्तरउन्नती र विस्तार गर्ने | | ५ | १ | १ | १ | १ | १ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **कार्यनीति ३ श्रमको सम्मान राष्ट्रको अभियान संचालन** | | | | | | | | |
| ३.१ | श्रब्य दृष्य संचारका माध्यमहरु बाट श्रमको सम्मान हुने समाग्रीहरु प्रकाशन तथा प्रशारण गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ |
| ३.२ | श्रमको सम्मान राष्ट्रको अभियान अन्तर्गत अभिमुखिकरण कार्यक्रम संचालन गर्ने | पटक | १० | २ | २ | २ | २ | २ |
| ३.३ | श्रमको सम्मान राष्ट्रको अभियान अन्तर्गत जनचेतनामुलक कार्यक्रम (र्‍याली,सडक,नाटक,देउडा गित ) आदी संचालन गर्ने | फटक | १५ | ३ | ३ | ३ | ३ | ३ |
| **कार्यनीति ४ श्रम बजारको माग अनुसार सिपयुक्त र दक्ष जनशक्ती उत्पादन गर्ने ।** | | | | | | | | |
| ४.१ | कार्यस्थलमा आधारित सिपमुलक तालिमहरु (सिकर्मि,डकर्मि,पलम्बर तथाइलेक्ट्रिसियन) आदी संचालन गर्ने | जना | १८० | ३६ | ३६ | ३६ | ३६ | ३६ |
| ४.२ | अध्ययन भ्रमण तथा व्यबसायिक योजना निर्माण तालीम संचालन | पटक | ५ | १ | १ | १ | १ | १ |
| ४.३ | कृषि व्यवसाय तथा पशु पालन तालीम संचालन तथा प्रविधि हस्तान्तरण | जना | २७० | ५४ | ५४ | ५४ | ५४ | ५४ |
| ४४. | श्रम शक्ति र श्रम बजार विच समन्वय र सहकार्य | पटक | ५ | १ | १ | १ | १ | १ |
| **कार्यनीति ५ बैदेशिक रोजगारी सम्बन्धी कार्यहरु गर्ने** | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५१. | बैदेशिक रोजगारीमा जान चाहने श्रमिकहरुको ब्यक्तिगत श्रम स्वीकृती तथा पुन श्रम स्वीकृतीका लागी सहजीकरण गर्ने | जना | १५० | ३० | ३० | ३० | ३० | ३० |
| ५२. | विदेशबाट फर्किएका श्रमिकहरुलाई पुन एकिकरण तथा पुन स्थापना सम्बन्धी कार्य गर्ने | जना | १५० | ३० | ३० | ३० | ३० | ३० |
| ५३. | बैदेशिक रोजगारीमा जान चाहने श्रमिकहरुलाई थप परामर्श सेवा दिने | जना | १५० | ० | ० | ३० | ३० | ३० |
| ५.४ | बाँझो जमिनको चक्ला बन्दी गरी ओखर खेती प्रविधि बिस्तार गर्ने। | क्षेत्रफल | ३ हेक्टर | ० | ० | १ | १ | १ |
| ५.५ | एक वडा एक कृषि उत्पादन | ९ वडा | ३० रोपनी | ० | ० | १० | १० | १० |
| ५.६ | घरेलु तथा साना उद्योग संचालन | ३ | ९ वडा | ० | ० | ३ | ३ | ३ |
| ५.७ | कृषि जन्य वस्तुको प्रशोधन उद्योग संचालन | | ३ | ० | ० | १ | १ | १ |
| ५.८ | कृषिन्य बस्तुको मुल्य श्रृङखला अभिवृद्धी कार्यक्रम संचालन | ३ | ९ | ० | ० | ३ | ३ | ३ |
| ५.९ | व्यावसायिक योजना निर्माण तालीम संचालन | | ९ | ० | ० | ३ | ३ | ३ |
| ५.१० | सिप मुलक तालिम ( सिलाई बुनाई, सिकर्मि, फर्निचर, हाउस वाईरिङ, प्लम्बिङ, व्युटिपालर्स ईत्यादी ) | | ९ | ० | ० | ३ | ३ | ३ |

## खण्ड-११ जोखीम व्यवस्थापन (Risk Management)

रोजगार रणनिती कार्यान्वयनका क्रममा देहायका जोखिम तथा चुनौतीहरुको समाना गर्नु पर्ने हुन सक्छ ।

| क्र.स. | जोखिम तथा चुनौतीहरु | अनुकुलनका उपायहरु | जोखिम स्तर |
|---|---|---|---|
| १ | रोजगार रणनिति कार्यान्वयनका लागी प्रक्षेपण गरिएको योजना अनुसार श्रोत साधन उपलब्ध नहुनु । | स्थानिय तहले बजेट तर्जुमा तथा योजना तर्जुमा गर्दा रोजगार रणनिती र योजनाको कार्यान्वयनमा सहयोग पुग्ने गरी बित्तिय श्रोत साधन उपलब्ध गराउने । | |
| २ | रोजगार रणनिति कार्यान्वयन गर्न स्थानिय निर्देशक समितिको प्रभावकारी भुमिकाको अपेक्षा रहन्छ । | रोजगार रणनिती कार्यान्वयन गर्न स्थानिय निर्देशक समितिको सक्रियता तथा प्रभावकारी भुमिका रहनु पर्ने । | |
| ३ | रोजगार रणनितीले परिकल्पना गरे अनुसार अन्तर निकाय समन्वय प्रभाकारी हुनु पर्ने र यसको लागी सम्बद्ध सरोकारवाला निकायहरु बाट आवश्यक सहयोग अपेक्षित रहन्छ । | रोजगार रणनितीको प्रभाकारी कार्यान्वयन गर्न सम्बद्ध सरोकारवाला सँग चौमासिक रुपमा समन्वय बैठक गर्नु पर्ने । | |
| ४ | संचालित कार्यक्रमहरु निरन्तरता तथा दिगोपनामा नहुन सक्छ । | रोजगार सेवाकेन्द्रको संचालनमा निरन्तरता साथै स्थायी संरचनाका रुपमा विकास गर्नु पर्ने । | |